कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु

लुम्बिनी प्रदेश,नेपाल

प.सं. : २०८१/०८२ राजश्व शाखा

मिति २०८२/०३/२४

चलानी नं. ७३९८

## बिषय :- सुचना टांस गरी जानकारी पठाई दिनु हुन ।

श्री जिल्ला प्रशासन कार्यालय
कपिलबस्तु

श्री मालपोत कार्यालय
कपिलबस्तु

श्री ९ नं.वडा कार्यालय
जगदीशपुर , कपिलबस्तु

श्री जिल्ला समन्वय समितिको कार्यालय
कपिलबस्तु

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
कपिलबस्तु

श्री १० नं.वडा कार्यालय
तेनुवा , कपिलबस्तु

उपर्युक्त सम्बन्धमा कपिलबस्तु नगरपालिकाबाट मिति २०८२/०३/२४ गतेको प्रकाशित सुचना अनुसार कपिलबस्तु नगरपालिका वार्ड नं.९ जगदीशपुरमा रहेको हाट बजारको र वडा नं.१० पचेहरामा रहेको हाट बजारको बैठकी सेवा शुल्क उठाउनका लागी ठेक्का सम्बन्धी प्रकाशित सुचना पाना १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको छ ।

उक्त सुचना ताहां कार्यालयको सुचना पाटीमा टांस गरी दिनु भई सोको जानकारी पठाई दिनु हुन अनुरोध छ ।

.............................
प्रमुख प्रशासकिय अधिकृत

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति २०८२/०३/२४

कपिलबस्तु नगरपालिका नगर कार्यपालिकाको कार्यालयका तपसील बमोजिमका राजश्वका ठेक्काहरु आर्थिक वर्ष २०८२/०८३ सम्मका लागी बन्दोबस्त गर्नुपर्ने भएको हुंदासंस्था , फर्म वा व्यक्तिहरुले यस कार्यालयमा डाक बढाबढ गर्नुहुन सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरीएको छ ।

## तपसील

| क. सं. | वडा नं. | मौजा | हाट बजार संख्या | गाउको नाम | ठेक्का अवधी | न्यूनतम डांक अंक | डाक बढाबढ हूने मिति र समय | डाक बढाबढ हुने स्थान |
|---|---|---|---|---|---|---|---|---|
| राजश्व ठेक्का न.४ | ९ | हाट बजार जगदीशपुरमा रहेको | १ | जगदीशपुर | २०८२ साल श्रावण २०८३ अषाढ मसान्त सम्म | ३,३८,८००/ (तीन लाख अडतिस हजार आठ सय) मु.अ.कर बाहेक | २०८२/०४/०८ गते दिनको २:०० बजे देखि | कपिलबस्तु नगरपालिका कार्यालय |
| राजश्व ठेक्का न.५ | १० | हाट बजार पचेहरामा रहेको | १ | पचेहरा | २०८२ साल श्रावण २०८३ अषाढ मसान्त सम्म | ५६,५५०/ (छप्पन्न हजार पांच सय पचास मात्र) मु.अ.कर बाहेक | २०८२/०४/०८ गते दिनको २:०० बजे देखि | कपिलबस्तु नगरपालिका कार्यालय |

नोट : यस सम्बन्धी विस्तृत शर्तहरुको बारेमा कपिलवस्तु नगर कार्यपालिकाको सुचना पाटीमा वा नगरपालिका website: kapilvastumun.gov.np वा राजश्व शाखामा सम्पर्क गरी जानकारी लिन / प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु

लुम्बिनी प्रदेश
२०७३

लुम्बिनी प्रदेश,नेपाल

प.सं. : २०८१/०८२ राजश्व शाखा मिति : २०८२/०३/२४

---

## राजश्व ठेक्का

सुचना । सुचना ॥ सुचना ॥।

### शर्तहरु

१। डाक बढाबढ गर्ने व्यक्तिले मिति २०८२/०४/०८ गते १२:०० बजे भित्र डाक बढाबढ गर्छु भनि निबेदन कपिलबस्तु नगरपालिका कायालयमा दर्ता गराउनु पर्ने छ । निबेदन दर्ता नभएमा डाक बढाबढमा सहभागी हुन पाइने छैन ।

२। एक व्यक्तिले ३ पटक सम्म बोल्न पाइने छ । सो भन्दा बढी बोल्न पाइने छैन ।

३। डाक बोलेको अन्तर कर्मचारीले १,,२,,३ बोल्नु भन्दा पहिले नै अर्को व्यक्तिले डाक तुरुन्त बोल्नु पर्नेछ । नबोलेमा अर्को व्यक्तिको पालो आउछ र डाकको बोली अन्तिम भएको अवस्थामा सब भन्दा बढी डाकअंक नै सदर हुने छ ।

४। ठेक्का अवधी तपसीलमा उल्लेख भए अनुसार हुनेछ ।

५। हाट बजारको बैठकी शुल्क उठाउने कार्यको न्युनतम बार्षिक ठेक्का अंक जगदीशपुरको हाट बजारको ३,३८,८००/ तीन लमख अडतीस हजार आठ सय) र पचेहराको हाट बजारको २०,०००/ (बीस हजार) मु.अ.कर बाहेक कायम गरिएको छ ।

६। ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकारकार्यालयमा सुरक्षित रहने छ ।

७। कबोल अंकको शत प्रतिशत रकम अनिवार्य नगद जम्मा गर्नु पर्ने छ । ठेकेदारले ५० प्रतिशत रकम बुझाउन चाहेमा ५० प्रतिशत रकम बराबरको बैंक जमानी पत्र पेश गरेको खण्डमा समेत सझौता गर्न बाधा पर्ने छैन । राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा बित्तिय संस्थाबाट २०८३ श्रावण मसान्त सम्म म्याद भएको बैंक जमानत पत्र सम्झौता हुदा कै बखतमा पेश गर्नु पर्ने छ ।

८। बन्द, हडताल, वा अन्य कुनै कारणले राजश्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षति पुर्ति दिन र कुनै पनि किसिमको छुट दिन बाध्य हुने छैन ।

९। प्रत्येक दिन लाग्ने हाट बजारको अर्को दिन बजार सरसफाई स्वंय ठेकेदारले गर्नु पर्ने छ साथै सामान्य मर्मत सुधार ठेकेदारले स्वयं आफैले गराउनु पर्नेछ ।

१०। हाट बजार ठेक्का सम्बन्धमा कुनै बाद बिवाद पर्न गएमा कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

११। हाट बजारको सूरक्षा सम्रक्षण रेखदेख ठेकेदारले सवयं गर्नु पर्नेछ ।

१२। हाट बजारको सेवा शुल्क उठाउन कपिलबस्तु नगरपालिकाको आर्थिक ऐनमा तोकिएको दर रेटको अनुसार नै १३% ले मु.अ.कर थप गरी संकलन गर्नु पर्ने छ र दररेटको साईन बोर्ड लेखाई ठेक्का स्थलमा ठेकेदारले स्वयं राख्नु पर्नेछ ।

१३। हाट बजार सेवा शुल्कको अतिरिक्त हाट बजार भित्र रहेको मासु, माछा स्टल तथा आलुसेड समेतको शुल्क ठेकेदारले नै उठाउनु पर्नेछ ।

१४। हाट बजारको सेवा शुल्क उठाउदा प्रयोग गर्ने रसीदहरु ठेकेदारले आफ्नै तर्फ बाट छपाई सो रसिद कपिलबस्तु नगरपालिका कार्यालय बाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।

१५। कपिलवस्तु नगरपालिका संग भएको सम्झौता र निर्देशनको पालना नगरेमा वा यस नगरपालिका कार्यालयबाट स्वीकृत भएको यसै साथ संलग्न दररेट भन्दा बढी शुल्क असुल गरेको पाईएमा कार्यालयको ठेक्का तोडी कानुन बमोजिम कारवाही समेत गरी अर्को व्यवस्था समेत गर्ने छ । अर्को व्यवस्था गर्दा ठेकेदारले कुनै किसीमको उजुर बाजुर गर्न पाउने छैन । यसरी अर्को व्यवस्था गर्दा कार्यालयलाई हुन जाने ठेक्काको नपुग रकम ठेकेदारबाट असुल उपर गरीने छ ।

१६। माथी उललेखीत सम्पूर्ण शर्तहरु सोही अनुसार हुनेछ र माथी छुट भएमा शर्तहरुबाट कुनै रकम असुल गर्नु पर्ने भएमा धरौटी रकमबाट असुल उपर गरीने छ । सो रकमबाट नपुग भएमा जेथा जमानीबाट असुल उपर गरीने छ ।

प्रमुख प्रशासकिय अधिकृत